# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ४ सङ्ख्या : १४ मिति : २०७७/१२/१३

भाग-२

हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७७/१२/१३

# गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७७/१२/१३

प्रमुख प्रशासकीय अधिकृत

# गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७७

३८

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
प्रदेश नं. १, नेपाल

प्रेम कुमार राई
अध्यक्ष

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७७/१२/१३

# गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि २०७७

नेपालको संविधान, विद्यमान खेलकुद नीति तथा खेलकुद विकास ऐन एवं नियमावलीको मर्म र भावना अनुरूप खेलकुदको समुचित विकास तथा विस्तारका लागि प्रारम्भिक आधारको रूपमा रहेका विद्यालयहरुलाई केन्द्रबिन्दु बनाइ खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रबर्द्धन गर्न, राष्ट्र निर्माण एवं विकासमा खेलाडीहरुको भूमिकालाई सबल, सक्षम एवं प्रभावकारी बनाउन स्थानीय, प्रदेश र संघस्तरीय विभिन्न खेलकुद प्रतियोगिताहरुमा सहभागी गराइ उत्कष्ट अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी भइ राष्ट्रको छवि उच्च बनाउन योगदान पुऱ्याउन सक्ने खेलाडी तयार गर्ने एवं संघीय प्रणाली अनुरुप यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको सहभागितामा सञ्चालन हुने खेलकुदका प्रतियोगिताहरुलाई अनुशासित, मर्यादित र व्यवस्थित रुपले सञ्चालन गर्ने उदेश्यले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा ४(क) को अधिकार प्रयोग गर्दै सोही ऐनको दफा (११) को उपदफा (७) बमोजिम हतुवागढी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७७ तयार गरिएको छ।

## परिच्छेद -१

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "मन्त्रालय" भन्नाले खेलकुदसँग सम्बन्धित विषय हेर्ने संघीय मन्त्रालयलाई सम्झनुपर्छ।

ख) "परिषद्" भन्नाले राष्ट्रिय खेलकुद परिषद्लाई सम्झनुपर्छ।

ग) "गाउँपालिका" भन्नाले हतुवागढी गाउँपालिका लाई सम्झनुपर्छ।

घ) "प्रदेश स्तरीय खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गत गठित प्रदेश स्तरको खेलकुद गतिविधि सञ्चालन गर्ने निकायलाई सम्झनुपर्छ।

ङ) "जिल्ला खेलकुद विकास समिति" भन्नाले परिषद् अन्तर्गतको जिल्ला स्तरीय निकायलाई सम्झनुपर्छ।

च) "पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरुबीच आ-आफ्नो समूहमा



प्रेम कुमार राई

हुने एथ्लेटिक्स, भलिबल, कराते, तेकवान्दो, उसु र कबड्डी प्रतियोगितालाई सम्झनुपर्छ। जुन प्रतियोगिता पालिकास्तरमा सञ्चालन हुनेछ।

छ) "निर्वाचन क्षेत्र स्तरीय राष्ट्रपति रनिड शिल्ड प्रतियोगिता" भन्नाले प्रत्येक शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरुवीच आ-आफ्नो समूहमा सम्वन्धित प्रतिनिधि सभाको निर्वाचन क्षेत्रमा हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

ज) "जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले चालु शैक्षिक सत्रमा १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरू बीच आ-आफ्नो समूहमा जिल्लाभित्र हुने अन्तर विद्यालय खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

झ) "प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भइ उत्कृष्ट स्थान हसिल गरी सम्बन्धित जिल्ला खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरूबीच सम्बन्धित प्रदेशमा हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

ञ) "केन्द्रस्तरीय (संघस्तरीय) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता" भन्नाले प्रदेशस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा सहभागी भई उत्कृष्ट स्थान हसिल गरी सम्बन्धित प्रदेशस्तरीय खेलकुद विकास समितिबाट सिफारिस भई आएका खेलाडीहरुबीच हुने खेलकुद प्रतियोगितालाई सम्झनुपर्छ।

ट) "मार्सल आर्ट खेल" भन्नाले कराते, तेकवान्दो र उसु खेलहरूलाई सम्झनुपर्छ ।

ठ) "टिम गेम" भन्नाले भलिबल, कबड्डी र रिले दौड खेललाई सम्झनुपर्छ।

ड) "अन्य खेलकुद प्रतियोगिता" भन्नाले प्रत्येक शैक्षिक सत्रमा १५ बर्ष भन्दा मुनिका आधारभूत तहमा नियमित अध्ययनरत छात्र/छात्राबीच आ-आफ्नो समुहमा हुने एथ्लेटिक्स, भलिबल, कराते, तेकवान्दो, उसु, कबड्डी, चेस, फुटबल, हिसाब दौड र हाजिरीजवाफ प्रतियोगितालाई सम्झनुपर्छ। यो पालिका स्तरमा सञ्चालन हुन्छ।

ढ) "मस्कट" भन्नाले प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रपति रनिङ शिल्डका लागि केन्द्र स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयले घोषणा गर्ने प्रतीक चिन्हलाई जनाउँछ।

ण) "लोगो" भन्नाले परिषद्को सिफारिसमा मन्त्रालयबाट स्वीकृत गरी लागु गरिएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको चिन्हलाई जनाउँछ।



प्रेम कुमार राई

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-३

## गाउँपालिका स्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता

### ३. प्रतियोगिताको आयोजना तथा व्यवस्थापन

३.१ गाउँपालिका स्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको पालिका स्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन हुनेछ।

क) गाउँपालिका अध्यक्ष - संयोजक
ख) गाउँपालिका उपाध्यक्ष -सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
घ) सामाजिक विकास समिति संयोजक-सदस्य
ङ) प्रतियोगिता सञ्चालन हुने स्थानको वडा अध्यक्ष -सदस्य
च) इलाका प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत - सदस्य
छ) गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष - सदस्य
ज) प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक वा संस्थाको प्रमुख - सदस्य
झ) गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयहरु मध्येबाट खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको संयोजकले मनोनयन गरेको १/१ जना प्रधानाध्यापक - सदस्य
ञ) गाउँपालिकामा खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तितरू मध्येबाट खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको संयोजकले मनोनित गरेको १ जना महिला सहित २ जना सदस्य
ट) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

### ३.२ पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार

क) पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा अनुगमन गर्ने,
ख) पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधार विकास र व्यवस्था गर्ने,
ग) पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन गर्न निर्धारित तालिका अनुसार हुने गरी मिति तथा समय तोकी उपयुक्त स्थान छनौट गर्ने,
घ) पालिकास्थित सम्पूर्ण विद्यालयहरुलाई प्रतियोगितामा भाग लिन प्रोत्सान गर्ने,
ङ) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना सम्बन्धमा पालिकास्तरीय खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने तथा सो आयोजना सम्बन्धमा विवाद उत्पन्न भएको अवस्थामा समाधान गर्ने,



प्रेम कुमार राई

मणिराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

च) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आँफैले तय गर्नेछ,

छ) प्रतियोगितालाई व्यवस्थित र मर्यादित बनाउनका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गर्ने,

ज) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सम्बन्धित पालिकामा विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाउने,

झ) प्रतियोगिता सञ्चालनका लागि आवश्यक थप आर्थिक श्रोत जुटाउन पहल गर्ने,

ञ) आयोजक समिति आवश्यकता अनुसार गठन गर्ने।

३.३ आयोजक समितिको काम, कर्तव्य र अधिकारहरु

क) पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थित एवं मर्यादित रुपमा सञ्चालन गर्ने,

ख) प्रतियोगिताका लागि आवश्यक स्रोत, साधन तथा सामग्रीहरू व्यवस्थापन गर्ने,

ग) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरू गठन गर्ने,

घ) प्रतियोगिताका लागि आवश्यकता अनुसार अन्य निकायहरु तथा व्यक्तिहरुसँग समन्वय गर्ने,

ङ) अधिकतम विद्यालयहरु सहभागी गराइ सफलता पूर्वक कार्यक्रम सम्पन्न गर्ने,

च) पालिकास्तरीय प्रतियोगिता सम्पन्न गरी विजयी खेलाडीहरुलाई निर्धारित कोटा अनुसार छनौट गरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउने,

छ) पालिकास्तरीय रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले दिएको निर्देशनहरु पालन गर्ने, गराउने।

४. प्रतियोगिता सञ्चालन प्रक्रिया

क) पालिकास्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची- १ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराइ तोकिएको समयमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ।

ख) पालिकास्तरीय प्रतियोगिताका विजयी खेलाडी र विद्यालयहरूलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा क्रमशः अनुसूची २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

ग) पालिकास्तरीय प्रतियोगितामा संलग्न गरिने खेलका इभेन्टहरू अनुसूची-४ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

घ) आयोजकले पालिकास्तरीय लगायत सबै प्रतियोगिता मौसमको अनुकूलतासमेत हेरी चालू आर्थिक वर्षको चैत्रको मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ। पालकास्तरीय प्रतियोगिता सम्पन्न नगरी जिल्लास्तरीय प्रतियोगितामा सहभागी पठाउन पाइने छैन।



प्रेम कुमार राई

ङ) पालिकास्तरीय प्रतियोगिता आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र सञ्चालन हुने खेलहरूको विवरण सहितको जानकारी कम्तिमा १५ दिन अगावै विद्यालयहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

च) पालिकास्तरीय प्रतियोगितामा सहभागी हुन सम्बन्धित विद्यालयले अनुसूची-१ बमोजिमको फाराम खेलाडी विद्यार्थीबाट भराइ तोकिएको समयमा आयोजकलाई उपलब्ध गराउनु पर्नेछ।

छ) पालिकास्तरीय प्रतियोगिताको आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची- ५ बमोजिमको ढाँचामा जिल्ला खेलकुद विकास समिति तथा गाउँपालिकामा अनिवार्य रूपमा पठाउनु पर्नेछ।

ज) प्रस्तुत प्रतियोगिता नियमित प्रतियोगिता भएकोले अघिल्लो वर्षको शिल्ड नै विजयी विद्यालयलाई रनिङ शिल्डको रूपमा उपलब्ध गराउने व्यवस्था गरी यसै क्रमलाई निरन्तरता दिइने छ। तर एउटै विद्यालयले निरन्तर रूपमा तीन पटकसम्म रनिङ शिल्ड जितेमा सो शिल्ड उक्त विद्यालयले सधैंको लागि राख्न पाउनेछ। अगामी प्रतियोगिताका लागि आयोजकले नयाँ शिल्ड बनाउनु पर्नेछ। रनिङ शिल्ड हराएमा, नासिएमा वा मासिएमा जिम्मा लिएको निकायले साविक बमोजिमकै तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ। पालिकास्तरीय रनिङ शिल्ड प्रतियोगितामा प्रयोग हुने शिल्डको नमूना रा.खे.प. को सिफारिसमा मन्त्रालयले तोके बमोजिमको हुनेछ।

झ) एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्टसमा बढीमा २ खेलाडीहरूलाई सहभागी गराउन सक्नेछ। प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउनेछ। रिले खेलको हकमा माथिको नियम लागु हुने छैन र एउटा विद्यालयले छात्रा तथा छात्र रिलेको प्रत्येक इभेन्टमा १/१ समूह मात्र सहभागी गराउन सक्नेछ।

ञ) प्रत्येक विद्यालयले भलिबल खेलतर्फ बढीमा ९/९ जनासम्म खेलाडी छात्र/छात्राहरू पठाउना सक्नेछन्।

ट) आयोजकले प्रतियोगिताको टाइसिट सकेसम्म कम्तिमा सहभागी विद्यालयको बहुमत विद्यालयका प्रतिनिधिहरूको रोहबरमा निर्माण गर्नुपर्नेछ ।

ठ) पालिकास्तरीय प्रतियोगिताको आयोजकले प्रत्येक इभेन्टसका विजयी खेलाडीहरूलाई पदक तथा प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ। फुटबल, कराते, तेक्वान्दो, उसु र भलिबलतर्फ (छात्र/छात्रा) छुट्टा छुट्टै प्रथम, द्वितीय र तृतीय हुने विद्यालयहरूलाई ट्रफीको व्यवस्था गर्नुपर्नेछ । सञ्चालित सामुहिक प्रतियोगितामा प्रथम हुने विद्यालयलाई शिल्ड सहित नगद रु २०,०००/- र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ। द्वितिय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः रू. १५,०००/- र रू. १०,०००।- का दरले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

ङ) गाउँपालिकाले जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पठाउँदा सम्बन्धित खेलाडीलाई पोशाक र पालिकाको झन्डाको व्यवस्था गर्नु पर्नेछ। उक्त प्रतियोगितामा सहभागी हुने खेलाडीको आतेजाते यातायात खर्च आवश्यकता अनुसार गाउँपालिकाले व्यहोर्ने छ ।

ढ) आयोजकले प्रतियोगिता सञ्चालन गर्न स्थानीयस्तरमा पनि थप स्रोत जुटाउन सक्नेछ ।

ण) काबुबाहिरको विशेष परिस्थिति पर्न गइ प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकूल हुनासाथ पुनः सञ्चालन हुने व्यहोरा समेतको लिखित जानकारी पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति, पालिकास्तरीय खेलकुद विकास समिति र गाउँपलिकालाई आयोजकले गराउनु पर्नेछ।

त) पूर्वाधार र बसोबासको व्यवस्थालाई समेत विचार गरि इच्छुक विद्यालयहरुका वीच बर्षै पिच्छे अलग अलग स्थानमा आपसी समझदारीमा झन्डा हस्तान्तरण गरिने प्रक्रियाद्वारा प्रतियोगिता सञ्चालन गर्न सकिनेछ।

थ) आयोजकले विनियोजित रकमको खर्चको विवरण सार्वजानिक गरि सो को प्रतिवेदन खेलकुद समाप्त भएको मितिले १५ दिनभित्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

द) साथै सञ्चालित एकल प्रतियोगितामा प्रथम हुने विद्यालयलाई शिल्ड सहित नगद रु.३०००।०० र प्रमाणपत्र प्रदान गर्नुपर्ने छ। द्वितिय र तृतीय हुने विद्यालयहरुलाई क्रमशः रू. २,०००/- र रू. १,०००।- का दरले नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद-३

## मार्सल आर्ट प्रतियोगिताको खेल सम्बन्धि थप व्यवस्था

क) प्रत्येक विद्यालयले मार्सल आर्ट खेलका प्रत्येक तौल समूहमा १/१ जना खेलाडी सहभागी गराउन सक्नेछन्।

ख) मार्सल आर्ट खेल प्रतियोगितामा विजयी खेलाडीहरूलाई नै जिल्ला स्तरीय राष्ट्रपति रनिड शिल्ड प्रतियोगितामा सहभागी गराउनु पर्नेछ।

## परिच्छेद -४

## संक्रमणकालीन व्यवस्था

**६. संक्रमणकालीन अवस्थामा प्रतियोगिता सञ्चालन गर्न गरिएको व्यवस्था**

१. पालिकास्तरको प्रतियोगिता सञ्चालनका क्रममा कुनै समस्या आइपरेमा पालिकास्तरीय खेलकुद आयोजक समितिको सिफारिसमा गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिले निर्णय गरे बमोजिम हुनेछ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/१२/१३

खेतिवडा
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-५
## विविध

१. मूल्याङ्कनका आधारहरु

क) पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा समावेश भएका सम्पूर्ण खेल तथा प्रत्येक इभेन्टसहरुको (व्यक्तिगत तथा सामूहिक प्रतिस्पर्धा तर्फ) प्रथम स्थान हसिल गर्नेलाई स्वर्ण, द्वितीय स्थान हासिल गर्नेलाई रजत र तृतीय स्थान हसिल गर्नेलाई कास्य पदक र प्रमाणपत्र दिइनेछ। समग्रमा प्रथम स्थान, द्वितीय स्थान र तृतीय स्थानको निर्णय गर्दा स्वर्ण, रजत र कास्य पदक संख्याको आधारमा क्रमशः स्थान निर्धारण गरिनेछ ।तर कुनै विद्यालयले प्राप्त गरेका पदकका प्रकारहरुको संख्या समान रहेमा टिम खेललाई छुट्याउने आधार बनाउनु पर्नेछ। टिम खेलको समेत समान रहेमा बढी खेलाडी आवश्यक हुने टिमका आधारमा स्थान निर्धारण गरिने र सोबाट समेत नछुट्टिएमा गोला प्रथाबाट छुट्याउनु पर्नेछ। साथै प्रतियोगिता सञ्चालनका क्रममा निर्णायकबाट भएको निर्णयमा चित्त नबुझि कुनै प्रतियोगीले आयोजक वा सञ्चालन गर्ने समिति समक्ष लिखित रुपमा उजुरी गरेमा जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ। उजुरी गर्ने प्रकृया प्रतियोगिता सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२. खेलकुद प्रतियोगितामा सहभागी हुने विद्यार्थी सम्बन्धी विशेष व्यवस्था

क) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस शैक्षिक सत्रको माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहेका विद्यार्थीहरू मात्र यस कार्यविधि बमोजिम सञ्चालन हुने खेलकुद प्रतियोगिताहरूमा सहभागी हुन सक्नेछन्।

ख) अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भैसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

ग) गैर विद्यार्थी तथा १८ वर्षमा भन्दा बढी उमेर समूहका विद्यार्थीले यो प्रतियोगितामा भाग लिन पाउने छैन। यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालय र विद्यालयका प्रधानाध्यापकलाई आयोजक समितिले उचित देखेमा अनुशासन सम्बन्धी कारवाही गर्ने वा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

घ) सहभागी विद्यार्थीको उमेरको विषयमा कुनै विवाद भएमा नागरिकताको प्रमाण-पत्र प्राप्त नगरेको विद्यार्थीको हकमा कक्षा ८ को पालिकास्तरीय परीक्षाको प्रमाणपत्रमा उल्लेखित जन्ममितिलाई आधार मानिनेछ।



प्रेम कुमार राई

८.आर्थिक पक्ष

८.१ रकम विनियोजनका आधारहरु

क) पालिकास्तरीय प्रतियोगिताका लागि प्रत्येक गाउँपालिकालाई संघ वा प्रदेशबाट प्राप्त हुने अनुदान र गाउँपालिकाबाट छुट्याइएको रकम विनियोजन हुनेछ।

ख) यस कार्यविधिले समेटेका खेलकुद प्रतियोगिताका संघ वा प्रदेशले उपलब्ध गराएको बजेट र गाउँपालिकाबाट प्रदान गरिने बजेट रकम सोही शीर्षकमा मात्र प्रचलित आर्थिक ऐन, नियमको परिधीभित्र रहि खर्च गर्नुपर्ने दायित्व आयोजकको हुनेछ।

९. विनियोजित रकम खर्चका आधारहरु

क) खेल प्रतियोगिता सञ्चालनका लागि विनियोजित बजेट खर्च गर्दा आयोजकले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमको परिधिभित्र रही खर्च गर्नुपर्नेछ। साथै, खेल प्रतियोगिता सञ्चालनको लागि विनियोजित बजेट अन्य प्रयोजनको लागि वा यो कार्यविधिमा भएको व्यवस्था बाहिर गएर खर्च गर्न पाइने छैन।

ख) प्रतियोगिताको लागि विनियोजित बजेट कार्यक्रमसम्बन्धी बैठक, खाजा, प्रचारप्रसार,खेल सामग्री, खेलमैदान मर्मत/निर्माण, प्रमाणपत्र, नगद पुरस्कार तथा पदक, प्रतियोगिता उद्घघाटन, सञ्चालन, समापन तथा जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुन जाँदा उपयोग गर्न सकिनेछ। प्रतियोगिताको उद्घाटन, समापन जस्ता कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता अपनाउनु पर्नेछ।

१०. निरीक्षण तथा अनुगमन

पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निरीक्षण तथा अनुगमन सम्बन्धित पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र अन्य सम्बन्धित निकायबाट हुनेछ।

११. लोगो

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लोगो रा.खे.प.को सिफारिसमा मन्त्रालयले तोके बमोजिमको हुनेछ।

१२. बाधा अड्काउ फुकाउने

यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको सिफारिसमा अन्तिम निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

१३. कार्यविधि संशोधन

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।



प्रेम कुमार राई
अध्यक्ष

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७७/१२/१३
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची -१

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

१) सहभागी विद्यार्थिको नाम:

२) विद्यालयको नाम/ठेगाना:

३) अध्ययनरत कक्षा: सेक्सन: रोल नं.

४) जन्म मिति:

५) सहभागी हुने खेल:

६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

उल्लिखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

विद्यालयबाट छनौट भएमा

प्रधानाध्यापकको

नाम:

हस्ताक्षर:

मिति:

मोबाइल नं.

विद्यालयको छाप:



प्रेम कुमार राई
अध्यक्ष

# अनुसूची -२

## विजयी खेलाडीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा गाउँ पालिकास्तरीय प्रतियोगिता आयोजना समिति द्वारा आयोजित अन्तर विद्यालय स्तरीय प्रतियोगिताको .............. विधामा ........... स्थान हासिल गर्नु भएकोमा श्री ............................... विद्यालय .................... जिल्लाका श्री ........................... लाई स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ............ | ............ | ............ |
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्चः प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्र आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ।)



प्रेम कुमार राई
अध्यक्ष

# अनुसूची -३

## विजयी विद्यालयलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको तत्वावधान तथा राष्ट्रिय खेलकुद परिषद्को संयोजकत्वमा गाउँ पालिकास्तरीय प्रतियोगिता आयोजना समिति द्वारा आयोजित अन्तर विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता/ अन्य खेलकुद प्रतियोगितामा ........... स्थान हासिल गर्नु भएकोमा श्री ................................ विद्यलय, हतुवागढी, ........... लाई स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| .......... | .............. | ............... |
| दस्तखत | दस्तखत | दस्तखत |

(पुनश्चः प्रतियोगिता सञ्चालन गर्दा वितरण गरिने प्रमाणपत्र आयोजक वा अतिथि वा विशेष अतिथि वा प्रमुख अतिथि लगायतका महानुभावहरुको मात्र दस्तखत हुनेछ।)



प्रेम कुमार राई
अध्यक्ष

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/१२/१३

# अनुसूची -४

## गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगितामा समावेश गरिएका खेलहरुको विवरण

१. भलिबलः

छात्रः

छात्राः

२. कबड्डीः

छात्रः

छात्राः

३. एथ्लेटिक्सः

क. दौड (ट्र्याक) तर्फः

छात्रः १०० मि., २००मि., ४०० मि., ८०० मि., १५०० मि., "
३०००मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले।

छात्राः १०० मि., २००मि., ४०० मि., ८०० मि., १५०० मि.,
३०००मि., ४×१०० मि. रिले, ४×४०० मि. रिले।

ख. उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फः

छात्रः हाइजम्प,लङजम्प,त्रिपलजम्प,ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउन्ड।

छात्राः हाइजम्प,लङजम्प,त्रिपलजम्प,ज्याभलिङ थ्रो ६०० ग्राम, सटफुट ८ पाउन्ड।

४. मार्सल आर्ट तर्फः

क. मार्सल आर्ट (सितेरिया)

छात्रः u-४२ केजी,u-४७ केजी, u-५२ केजी, काता एकल

छात्राः u-४० केजी, u-४५ केजी, u-५० केजी, काता एकल

ख. तेक्वान्दो

छात्रः u-४५ केजी, u-४८ केजी, u-५१ केजी

छात्राः u-४२ केजी, u-४४ केजी, u-४६ केजी

ग. उसु

छात्रः Chang Quan, Nan Quan and Tai JiQuan

छात्राः Chang Quan, Nan Quan and Tai JiQuan

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/१२/१३

अनुसूची -५

# प्रगति प्रतिवेदन ढाँचा

मितिः२०../../..

श्री......................................।

विषयः प्रगति प्रतिवेदन पेश गरिएको।

गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिद्वारा मिति २०../../.. गते देखि मिति २०../../.. सम्म यस पालिकामा सञ्चालित गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अन्य खेलकुद प्रतियोगिता सम्पन्न गरी सो को प्रगति प्रतिवेदन देहाय बमोजिम भएको व्यहोरा अनुरोध छ।

स्थानः.............................. जिल्ला................ गा.पा. .................... वडा नं. .............
प्रमुख अतिथिः ............................

क. सम्बन्धित स्थानीय तह स्तरीय प्रतियोगिताका सहभागीहरुको विवरण

| स्थानिय तहको नाम | जम्मा विद्यालय संख्या | सहभागि विद्यालयको नाम, ठेगाना | विद्यालयको प्रकार सामुदायिक/सस्थागत | सहभागी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| | | | | | | |
| | | | | | | |

ख. विभिन्न खेल विधामा प्रथम स्थान हासिल गर्ने विद्यार्थी तथा विद्यलयको विवरण

| खेल विधा | सहभागी वा टोली संख्या | विजयी विद्यालयको नाम | विजयी विद्यार्थीको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| प्रथम हुने विद्यालयको नाम र ठेगानाः | | | |
| द्वितीय हुने विद्यालयको नाम र ठेगानाः | | | |

प्रमाणित गर्ने

**आज्ञाले :**

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हलुवागढी राजपत्र